# राइनास नगरपालिका

## तीनपिप्ले, लमजुङ

### गण्डकी प्रदेश, नेपाल

# छैटौं नगर सभा-२०७७

(२०७७ असार १०, बुधबार)

## आ.व.२०७७/०७८ को प्रस्तुत वार्षिक बजेट, नीति तथा कार्यक्रम

नेपालको गण्डकी प्रदेश अन्तर्गतको लमजुङ जिल्लाको दक्षिण पुर्वी भाग एवं मर्स्याङ्दी र चेपे नदीको विचमा अवस्थित यस राइनास नगरपालिका नेपालको एक ऐतिहासिक भूमि हो । संघिय लोकतान्त्रिक गणतन्त्र स्थापना भएपछि नेपालको संविधान २०७२ बमोजिम सम्पन्न भएको स्थानीय तह निर्वाचनमा हामी निर्वाचित भै आज तीन बर्षे कार्यकाल पुरा गरिसकेका छौं । यसै अवधि भित्र हामीले ४६ वटा कार्यपालिका वैठक तथा पाँचवटा नगरसभा समेत सम्पन्न गर्दै आज विषम परिस्थितिको विचमा रही छैटौं नगर सभाको आयोजना गरेका छौं । नेपालकै ऐतिहासिक, धार्मिक, प्राकृतिक, सांस्कृतिक इतिहासको धरोहर बोकेको राइनास नगरपालिकाद्धारा आयोजित छैटौं नगरसभाको नगर प्रमुखको हैसियतले आगामी आ.व. ०७७/०७८ को बजेट, नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा म अत्यन्तै हर्ष विभोर भएको छु । यस ऐतिहासिक अवसरमा देश र जनताको समृद्धिका लागि बलिदानी गर्नुहुने ज्ञात अज्ञात शहिदहरु प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु । यस गरिमामय समारोहमा उपस्थित उप-प्रमुख, प्रमुख प्रशासकीय अधिकृत, सम्पुर्ण सभासद, विभिन्न विषयगत शाखा प्रमुख लगायतका कर्मचारीहरु, सुरक्षाकर्मीहरु, पत्रकार मित्रहरु, विशेष परिस्थितिको बजेट, नीति र कार्यक्रमलाई नजिकबाट नियालीरहनुहुने नगरबासी आमाबुबा, दाजुभाइ, दिदीबहिनीहरु प्रति समेत राइनास नगरपालिकाको तर्फबाट र मेरो व्यक्तिगत तर्फबाट हार्दिक स्वागत गर्न चाहन्छु ।

**आदरणीय सभासद ज्यूहरु,**

राइनास नगरपालिका आर्थिक विकासको दृष्टिले अत्यन्तै सम्भावना युक्त भएपनि विकासको समग्र उपलब्धी अझैपनि आशातित रुपमा हासिल गर्न सकिरहेको अवस्था छैन । आज कोभिड- १९ को विश्वव्यापी संक्रमणको असरलाई न्युनीकरण गर्दै जनजीवनलाई नियमित गर्ने विषय नै अहिलेको प्रमुख चुनौति रहेको छ । कोभिड -१९ रोकथाम, नियन्त्रण तथा व्यवस्थापनको सन्दर्भमा प्रकोपको पूर्व तयारी तथा राहत व्यवस्थापनका साथ साथै स्वदेश तथा बिदेश बाट फर्केका व्यक्तिहरुको पहिचान, लगत संकलन, क्वारेन्टिनको सञ्चालन तथा व्यवस्थापन लगायतमा हामीहरुले महत्वपूर्ण भुमिका खेल्दै

आइरहेको व्यहोरा यहाँहरुलाई जानकारीनै छ । महामारीका अवस्थामा हाम्रा आवश्यकता र प्राथमिकताहरु बदलिएका छन् । कोभिड १९ को असरबाट सिर्जित आवश्यकताको पहिचान गरी हामीले सोही आधारमा नीति कार्यक्रम र बजेटको प्राथमिकता निर्धारण गरेका छौं । नेपालको संविधान र विद्यमान कानुन तथा नेपाल सरकारको आर्थिक वर्ष २०७७/०७८ को नीति तथा कार्यक्रम र बजेटका प्राथमिकताहरु नै आवश्यकता पहिचानका मुख्य आधारहरु रहेका छन् । राइनास नगरपालिकालाई कोभिड मुक्त बनाउने, स्वास्थ्य, शिक्षा, खानेपानी, कृषि उत्पादन र रोजगारी प्रवर्द्धन जस्ता क्षेत्रलाई प्राथमिकतामा राखी स्थानीय स्तरमा संघ र प्रदेश सँगको समन्वयात्मक र सहकार्यताका साथ कार्यन्वयनमा जानुपर्ने कुरामा जोड दिनुपर्ने आजको आवश्यकता रहेको छ । कोभिड-१९ को विश्वव्यापी संक्रमणका कारण सिर्जित असहज परिस्थितिबाट हाम्रो स्थानीय सेवा प्रवाह समग्र शासन व्यवस्था र विकास निर्माणमा पारेको असरप्रतिको लेखाजोखा गर्नुपर्ने अवस्था छ । विश्वव्यापी संक्रमणबाट सिर्जित प्रतिकुल परिस्थितिको सामना गर्नका लागी आगामी दिनहरुमा हामीहरुले आफ्ना प्रयासहरुलाई अझ बढी व्यवस्थित गर्नुपर्ने आवश्यकता छ ।

असहज परिस्थितिको निरन्तरता रहीरहेको विद्यमान अवस्थामा हामीले विगत वर्षको जस्तो सामान्य प्रक्रिया नियमित प्राथमिकता भन्दा अझै माथि उठेर नयाँ आवश्यकताको आधारमा हाम्रा नीति, कार्यक्रम र बजेट तर्जुमालाई विशेष जोड दिइएको छ । यसबाट राइनास नगरपालिकाको वार्षिक कार्यक्रम तथा बजेटलाई विश्वव्यापी संक्रमणले सिर्जना गरेको असहज परिस्थिति सँग सामना गर्न सक्ने समेत अपेक्षा गरिएको छ ।

**श्रद्धेय उपस्थित सभासद ज्यूहरु,**

अब म चालु आ. व. २०७६/०७७ को हालसम्मको अवधिमा हामीले हासिल गरेका मुख्य मुख्य उपलब्धिहरुबारे संक्षेपमा चर्चा गर्ने अनुमति चाहन्छु ।

गत वर्ष २०७६ असारमा सम्पन्न पाचौं नगर सभाद्वारा रु ५३ करोड ३ लाख ३१ हजारको कूल वजेटबाट रु १० करोड ५८ लाख ८५ हजार ८० रुपैया पूजिंगत तथा कार्यक्रमको खर्चमा विनियोजन गर्ने गरि कार्यक्रम पारित गरिएको थियो । यस नगरपालिकाको कुल आन्तरिक आय रु ५० लाख ९५ हजार ६ सय ७३ रुपैया, संघिय सरकारद्धारा वित्तीय समानीकरणमा रु ८ करोड ६० लाख, राजश्व बाँडफाँडबाट रु ३ करोड १२ लाख ७५ हजार ७ सय ४७ रुपैया र सशर्त अनुदान तर्फ रु १९ करोड ८२ लाख ४७ हजार ५ सय साथै प्रदेश सरकारको राजश्व बाँडफाँडबाट २८ लाख ३४ हजार १ सय ४० रुपैया, समपूरक अनुदान रु ५० लाख र समानीकरण अनुदान रु ९९ लाख ११ हजार ९ सय २५ रुपैया गरी कुल जम्मा ३३ करोड ८३ लाख ६४ हजार ९ सय ८५ रुपैया प्राप्त हुन आएको छ । सामाजिक सुरक्षा भत्ता प्रथम र दोस्रो चौमासिक गरी रु. ४ करोड ७५ लाख ७९ हजार ८ सय

सामाजिक भत्ता वितरण भैसकेको छ । योजना कार्यक्रम तर्जुमा गर्दा सबै क्षेत्र, वर्ग र भूगोल समेतलाई आधार मानी योजना तथा कार्यक्रम स्वीकृत गरिएको थियो ।

**योजना सञ्चालन गर्दा लिईएको नीतिगत व्यवस्था**

१. आर्थिक विकासका लागि नगरपालिकामा कार्यरत प्राविधिकहरुको समन्वयमा कृषिमा रहेको निर्वाहमुखी प्रवृत्तिलाई प्रतिस्थापन गरि व्यवसायिक खेती प्रणाली विकास गर्न कृषि खेती तथा पशुपालन गर्ने कृषकहरुलाई विउ विजन, कृषि औजार, औषधी लगायत सामग्रीमा पचास प्रतिशत अनुदानमा उपलव्ध गराईएको । साथै कृषिमा व्यवसायिक प्रणालीको प्रवर्दन गर्न नगद सहयोग समेत उपलब्ध गराईएको छ ।

२. वि.सं. २०७२ साल वैशाख १२ को विनासकारी भूकम्पले क्षति पुऱ्याएका नीजि आवास अनुदानको घर निर्माण गर्न सहजता गराउन नगरपालिका भित्र रहेका सवै साना ठूला सडक योजनाहरु यातायात सञ्चालन हुने गरी सडक मर्मत सम्भार गरिएको र भूकम्प प्रभावित लाभग्राहीहरुलाई भवन निर्माण गर्न सामग्री ढुवानीमा सहज बनाइएको छ ।

३. नगरपालिकाको रणनीतिक सडकको रुपमा रहेको धमिलीकुवा-तीनपिप्ले-वोराङखोला-प्यारजुङ सडकको चौडा गरी कम्तिमा दुई लेनको वनाईएको छ साथै यस बर्षबाट कालोपत्रे गर्नका लागि प्रक्रिया अघि बढेको छ । यस चालु आ.व. मा प्रदेश सरकारबाट उक्त सडकको स्तरोन्नतीका लागि निर्माणाधिन अवस्थामा रहेको छ ।

४. नगरपालिकाको शैक्षिक रणनीति तयार गर्ने प्रक्रियाको थालनी गरिएको र विद्यालयमा शैक्षिक गुणस्तर तथा भौतिक सुधारको प्रयास गरिएकोछ ।

५. स्वास्थ्य चौकी तथा आधारभुत स्वास्थ्य केन्द्रहरु स्थापना गरी व्यवस्थित बनाई आवश्यक औषधी सहितको स्वस्थ्य सामग्रीहरुको अभाव नहुने गरि व्यवस्था मिलाईएको छ ।

६. खानेपानीको अभाव रहेका गाउँ वस्तीहरुमा स-साना खानेपानी योजना सञ्चालन गरीएको छ ।

७. नगरपालिका र वडा कार्यालयहरुबाट प्रवाह हुने सेवा सुविधालाई छिटो छरितो र सहज तुल्याउन प्रयास गरिएको । लोक सेवा आयोगबाट सिफारीस भई आएका कर्मचारीहरुलाइ आवश्यक व्यवस्थापन मिलाई प्रभावकारी सेवा उपलब्ध गराउन प्रयास गरिएको छ ।

**उपस्थित सभासद ज्यूहरु,**

अव म नगरपालिकाको एकिकृत विकासका लागि आगामी आर्थिक बर्ष २०७७/०७८ को बार्षिक योजना तर्जुमा गर्दा लिइएका आधारहरु र क्षेत्रगत नीतिहरु सम्बन्धमा प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

आगामी आ.व. २०७७/७८ का लागि नगरपालिकाको आन्तरिक आय रु १ करोड ६५ हजार, नेपाल सरकारबाट वित्तिय सामानीकरणमा रु ८ करोड ६० लाख, राजश्व बाँडफाडबाट रु ६ करोड ८ लाख ३१ हजार ८ सय ३० रुपैया को वजेट सिलिङ प्राप्त भएको छ। सर्शत अनुदानमा ३२ करोड ४६ लाख र प्रदेश सरकारबाट वित्तिय समानिकरणमा १ करोड १९ लाख, सर्शत अनुदानमा ५० लाख, राजश्व बाँडफाँडबाट रु १ करोड ५० हजार, सामाजिक सुरक्षा भत्ता रकम करिव ८ करोड र नगरपालिका कार्यालय भवन निर्माण गर्न सशर्त रकम रु. २ करोड प्राप्त हुने अनुमान गरि कूल जम्मा रु ६० करोड ८४ लाख ४६ हजार ८ सय ३० रुपैया को वार्षिक योजना तथा कार्यक्रम तर्जुमा गरिएको छ।

आगामी आ.व. ०७७/७८ को बार्षिक योजना निर्माण गर्ने क्रममा नेपालको संविधान, स्थानीय सरकार संचालन ऐन २०७४, संघीय सरकार र प्रदेश सरकारको नीति तथा कार्यक्रम समेतलाई प्रमुख आधार बनाइएको छ । नगरपालिकाले क्षेत्रगत रुपमा आगामी आ.व.को लागि लिइएका प्रमुख नीति तथा कार्यक्रमहरु देहाय बमोजिम रहेको व्यहोरा अवगत गराउँदछु।

**उपस्थित सभासद ज्यूहरु,**

अब म नगरपालिकाको एकिकृत बिकासका लागी कोभिड-१९ को विश्वव्यापी संक्रमणको कारण उत्पन्न परिस्थितिको सन्दर्भमा आगामी आ. व. २०७७/०७८ को वार्षिक योजना तर्जुमा गर्दा अपनाइएको रणनीतिहरु, वार्षिक बजेट, क्षेत्रगत नीति एवं कार्यक्रमहरु प्रस्तुत गर्ने अनुमति चाहन्छु।

**वार्षिक योजना, नीति तथा कार्यक्रम तर्जुमा गर्दा अपनाइएका रणनीतिक प्रयासहरुः**

१. बजेटको उद्देश्य तथा प्राथमिकतामा कोभिड १९ ले पारेको असरलाई सम्बोधन गर्ने विषयलाई समावेश गर्ने प्रयास गरिएकोछ।

२. नीति तथा कार्यक्रममा कोभिड १९ को प्रतिकूल असरलाई न्यूनीकरण गर्ने विषयलाई प्राथमिकता सहित समावेश गर्ने प्रयास भएकोछ।

३. कार्यक्रमहरुलाई संघ तथा प्रदेश सरकारको कार्यक्रमहरुसंग तालमेल मिलाउने र अन्य क्षेत्रसंग समेत समन्वय र सहकार्यतालाई जोड दिइएको छ।

४. आर्थिक कारोबारमा आउन सक्ने शिथिलता तथा राजश्व सहुलियतको आवश्यकताका आधारमा आय अनुमान गरिएकोछ।

५. कोभिड-१९ को असरलाई ध्यान दिई प्राथमिकताको आधारमा कार्यक्रमहरु छनौट गर्न बजेट सिलिङ निर्धारण गरिएकोछ ।

६. कोभिड-१९ द्वारा सिर्जित आवश्यकताको पहिचानको आधारमा कार्यक्रमहरु छनौट गरी सम्बन्धित विषयगत क्षेत्रको कार्यक्रम तथा बजेटमा समावेश गर्ने प्रयत्न गरिएकोछ ।

**कोभिड १९ बाट सिर्जित विपद/संकट व्यवस्थापनः**

१. आर्थिक रुपले अति विपन्न धार्मिक तथा मजदुरहरुलाई रोजगारी उपलब्ध गराउन श्रममुलक प्रविधिको प्रयोग गरी कार्यान्वयन गरिने आयोजनाको छनौटमा प्राथमिकता दिइनेछ ।

२. संक्रमण जोखिम रहँदा सम्म अशक्त असहाय एवं आर्थिक रुपले विपन्न गर्भवती महिला, जेष्ठ नागरीक एवम् अपाङ्गता भएका व्यक्तिहरुलाई राहतका कार्यक्रम सञ्चालन गर्ने गरी बजेटको व्यवस्था गरिनेछ ।

३. कोभिड-१९ मा स्वास्थ्य तथा व्यवस्थापकीय क्षेत्रमा कार्यरत स्वास्थ्यकर्मी तथा जनशक्तिलाई स्वास्थ्य सुरक्षा सामग्रीहरुको अभाव नहुने गरी बजेट व्यवस्थापन गरिनेछ ।

४. कोरोना भाइरसको सम्भावित जोखिममा रहेका नागरिकहरुलाई न्युनतम मापदण्डको आधारमा क्वारेन्टाइनमा राख्ने व्यवस्था मिलाइनेछ । जिल्ला स्तरीय विपद व्यवस्थापन समितिको आवश्यकतानुसार समन्वय र सहकार्यता गरि विपद व्यवस्थापन गरिनेछ ।

५. स्थानिय स्तरमा संचालित नीजि तथा संस्थागत एम्बुलेन्सहरुलाई चौविसै घण्टा संचालन हुने गरी तयारी हालतमा राख्न आवश्यक बजेट व्यवस्था मिलाइनेछ ।

६. कोभिड-१९ का कारण विद्यार्थी, गर्भवती, जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, डिप्रेशनमा रहेका व्यक्तिहरुलाई मनोपरामर्श सेवा उपलब्ध गराउने कार्यक्रम संचालन गरिनेछ ।

७. विपद जोखिम न्युनीकराण र व्यवस्थापनको लागि पूर्व तयारी, खोज, उद्धार, राहत र पुनर्स्थापना सम्बन्धी कार्यमा संघ र प्रदेश वीच आवश्यक समन्वय र सहकार्य गरिनेछ । सार्वजनिक नीजि तथा सामुदायिक क्षेत्रसंगको सहकार्यमा विपद जोखिम न्युनीकरण तथा उत्थानशीलता र क्षमता अभिवृद्धि गर्ने कार्यक्रमलाई प्राथमिकता दिइनेछ ।

८. विपदको समयमा खोज उद्धार तथा राहतका लागि आवश्यक सामग्रीको आपतकालिन भण्डार केन्द्र स्थापना गर्न, विपदको पूर्वसतर्कता अपनाउन सुचना प्रविधिको उपयोग गर्न, विपद जोखिम न्युनीकरण वित्तिय रणनीति तर्जुमा गर्न र विपदबाट प्रभावित स्थानीय नगरबासीहरुलाई सामाजिक संरक्षण प्रदान गर्न तीनै तहका सरकारको समन्वय, सहाकार्यतालाई विशेष जोड दिइनेछ ।

९. विपद आइपरेका हरेक अवस्थामा परिचालन गर्ने गरी हरेक वडाबाट कम्तिमा १ जना युवा प्रतिनिधि सहभागी हुनेगरी आपतकालिन *युवा स्वयंसेवक* गठन गरिनेछ । जसले नगरपालिका, स्थानीय विपद व्यवस्थापन समिति, जिल्ला विपद व्यवस्थापन समितिहरुसँगको समन्वय र सहकार्यतामा आफ्नो गतिविधिहरुलाई अगाडी बढाउने छ । विशेषतः हालै विश्वमा आक्रान्त कोरोना भाइरसले स्थानीयस्तरमा समेत पारेको असर/प्रभावलाई सम्भावित प्रकोप नियन्त्रण तथा व्यवस्थापनमा सहयोग पुऱ्याउनेछ । साथै आकस्मिक रुपमा सिर्जित हुने विपदका समस्याहरुसँग निरन्तर सहयोगी संस्थाका रुपमा परिचालन समेत गरिनेछ ।

**शिक्षा (सामाजिक क्षेत्र)**

१. कोभिड -१९ का कारण पठनपाठनमा सिर्जना भएको अवरोधलाइ दृष्टिगत गरी भर्चुअल कक्षा सञ्चालन, अनलाइन शिक्षा तथा टेलिभिजन एवं रेडियो मार्फत नयाँ शैक्षिक वर्षको पठन पाठनलाई अघि बढाउन प्रयत्न गरिने छ । संक्रमण जोखिमका कारण विद्यार्थीमा परेको मनोसामाजिक असर निवारण गर्न सकरात्मक सोच सहित सिर्जनशीलता विकासका क्रियाकलापहरु सञ्चालन गरिनेछ ।

२. सामुदायिक विद्यालयमा अध्ययनरत कक्षा ५ सम्मका विद्यार्थीहरुलाई विद्यालयमा टिकाइराख्नका लागि दिवाखाजा व्यवस्थापन कार्यक्रम सञ्चालन गरी वालवालिकाहरुलाई लाभान्वित हुने गरी थप राहतको लागि बजेट व्यवस्थापन गरिनेछ ।

३. बालविकास तथा सिकाइ केन्द्रहरुको आवश्यक भौतिक पूर्वाधारलाई सुदृढिकरण गरी नेपाल सरकारको सशर्त अनुदानको लागत सहभागितामा कार्यक्रम संचालन गर्ने व्यवस्था मिलाइनेछ ।

४. माध्यमिक तहदेखि नै प्राविधिक तथा व्यवसायिक शिक्षालाई जोड दिँदै प्रदेश तथा संघिय सरकारको लागत सहभागिता एवं समन्वयका आधारमा आगामी आ.व.मा केही माध्यमिक विद्यालयहरुमा कार्यक्रम सञ्चालनमा प्रयत्न गरिनेछ ।

५. शिक्षा तथा अन्य सामाजिक क्षेत्रतर्फको कार्यक्रमलाई आगामी आ.व.मा प्राथमिकताका साथ अघि बढाइने छ । साथै शैक्षिक पूर्वाधारको विकास, दक्ष जनशक्ति एवं शिक्षण सामग्रीको व्यवस्था र नवीनतम् प्रविधिहरुको प्रयोगमा जोड दिई गुणस्तरीय र जीवन उपयोगी शिक्षाको सुनिश्चितता गरिनेछ ।

६. विद्यालय जाने उमेर समूहका सबै वालवालिकाहरुलाई विद्यालय भर्ना गरी आगामी शैक्षिक सत्रभित्रमा आधारभूत शिक्षामा सबैको पहुँच सुनिश्चित र माध्यमिक तह सम्म निशुल्क शिक्षा प्रदान गरिनेछ ।

७. यस राइनास नगरपालिकामा भर्खरै स्थापना भएको वीर भक्ति राइनास बहु प्राविधिक शिक्षालायको तत्काल भौतिक संरचना निर्माण गरी विद्यार्थीहरुको इच्छा अनुसार प्राविधिक कक्षा सञ्चालन गर्ने व्यवस्था मिलाइने छ ।

८. ज्ञान र सीपमा आधारित प्रतिस्पर्धी, उन्नत स्थानीय अर्थतन्त्र निर्माणका लागि विज्ञान तथा प्रविधिको विकासमा जोड दिँदै स्थानीय स्तरमा एक विधि विज्ञान प्रयोगशाला स्थापना गर्नका लागि प्रदेश र संघिय सरकारसँगको समन्वय तथा सहकार्यलाई जोड दिइनेछ ।

९. विद्यालयहरु बन्द रहेको अवस्थामा उपयुक्त मापदण्ड तोकी संघ र प्रदेश सँगको सहकार्य र समन्वयमा बैकल्पिक विधि प्रयोग गरि पठनपाठनलाई नियमित गर्न आवश्यक पूर्वाधार निर्माण, खानेपानी, शौचालय तथा सरसफाइको आवश्यक व्यवस्था मिलाइनेछ ।

१०. सामाजिक दुरी कायम राखी विद्यालय सञ्चालन गर्न स्वास्थ्य सम्बन्धि मापदण्ड पालना गरी पठनपाठनलाई नियमित गर्न आवश्यक पूर्वाधार निर्माण, खानेपानी, शौचालय तथा सरसफाइको आवश्यक व्यवस्था मिलाइनेछ ।

११. ***"शैक्षिक विकासमा राइनासको इच्छा, आफ्नै घरबाट गुणस्तरीय शिक्षा"*** अभियानलाई प्रभावकारी बनाइनेछ । बढ्दो प्रकोपका कारण प्रत्यक्ष असरमा यहाँ शैक्षिक अवस्था परेको कुरालाई मध्यनजर गर्दै राइनास नगरपालिका भित्रका वालवालिकाहरुको मानसिक तथा सामाजिक चेतना जागरणको अपेक्षा सहित समुदायमा आधारित शैक्षिक वातावरण निर्माणका लागि स्थानीय शिक्षक, अभिभावक तथा युवाहरु सँगको समन्वयमा नियमित कक्षा सञ्चालनको लागि आवश्यक व्यवस्था मिलाइनेछ ।

१२. मा.वि. दरवन्दी कम भएका विद्यालयहरु शारदा, शिशु र रुद्र मा.वि.का लागि मा.वि. अनुदान कोटालाई निरन्तरता दिइनेछ ।

१३. राइनास नगरपालिकामा १२ माध्यमिक विद्यालय र २९ आधारभुत विद्यालय छन् । विद्यार्थी संख्या कम भएका विद्यालयहरुलाई नेपाल सरकारको नीति अनुसार समायोजन गर्ने नीति लिएको छ भने विद्यार्थी संख्याको आधारमा गाऊँ वस्तीहरुमा नयाँ विद्यालय खोल्ने नीतिलाई समेत साथ साथै अगाडी बढाइनेछ ।

१४. शौभाग्योदय मा.वि. र शैलापुत्री मा. वि. यस पालिकाको नमुना मा.वि. भएको र सोही अनुसार नेपाल सरकारबाट सशर्तमा अनुदान प्राप्त भई भौतिक सुधारको काम भइरहेको हुँदा यसलाई निरन्तरता दिइनेछ ।

१५. शिशु मा.वि.मा प्राविधिक धारको कक्षा सञ्चालन भइरहेको हुँदा प्राविधिक शिक्षक अनुदानको व्यवस्था नेपाल सरकारद्धारा गराउने व्यवस्था मिलाइनेछ ।

**<u>सुशासन र सार्वजनिक सेवा प्रवाह</u>**

१. स्थानीय स्तरमा सञ्चालित सबै क्षेत्रहरुका कार्यक्रमहरुमा सदाचार संस्कृतिको विकास गरिनेछ । सार्वजनिक सेवा प्रवाहमा संलग्न जनप्रतिनिधि उपभोक्ता समिति गैर सरकारी संस्था, राष्ट्रसेवक कर्मचारीहरु सबैले सेवाग्राही तथा नगरवासी सर्वसाधारणका लागि इमान्दार भएर काम गर्नेछौं भन्ने साझा प्रतिज्ञा सहितको सुशासन कार्यको संस्कृतिलाई प्रवर्द्धन गरिनेछ । साथै भ्रष्टाचार रोकथाम र नियन्त्रणको कार्यलाई थप प्रभावकारी बनाउन सम्बन्धित निकायहरुसँगको सहकार्यमा क्षमता अभिवृद्धि गर्ने कार्यक्रम सञ्चालित गरिनेछ ।

२. स्थानीय सेवा प्रवाहलाई अझ बढी प्रभावकारी सहज र प्रविधिमैत्री बनाइनेछ । कोरोना रोकथाम, नियन्त्रण तथा उपचारको काममा समेत भए गरेका खर्चहरुको विवरण पारदर्शी बनाइनेछ ।

३. कोरोना भाइरस तथा अन्य महामारीको नियन्त्रण, रोकथाम तथा उपचारमा अग्रपङ्तिमा रही कार्यरत स्वयम्सेवक, स्वास्थ्यकर्मी तथा कर्मचारीहरुको मनोबल उच्च राख्न संघिय एवम् प्रदेश सरकारसँगको समन्वय र सहकार्यतामा आवश्यक प्रोत्साहन गरिने छ ।

४. स्थानीयस्तरमा कोरोना संक्रमणको समय तथा विपदको अवसरमा अखाद्य बस्तुको भण्डारण, विक्री वितरण गर्न, अवैध व्यवसाय सञ्चालन गर्न र सर्वसाधारणको स्वास्थ्य प्रति खेलवाड हुन नदिनका लागि कानुन र विधिको परिपालना गराउन आवश्यक पहल गरिनेछ ।

५. सार्वजनिक सम्पत्ति तथा जग्गाको खोजी गरी अतिक्रमित सार्वजनिक जग्गा स्थानीय सरकारको नियन्त्रणमा लिई संरक्षण तथा सम्बर्द्धनका लागि आवश्यक पहल गरिनेछ ।

६. विवाद समाधानको वैकल्पिक उपायहरुको प्रवर्द्धनको लागि गठित स्थानीय न्यायिक समितिको सक्रियतालाई कायम गर्दै स्थानिय स्तरमा मध्यस्थता मेलमिलाप तथा न्यायमा सहज पहुँचको लागि आवश्यक नीति तथा कार्यक्रम लागु गराउँदै लगिनेछ ।

७. स्थानीयस्तरमा सञ्चालित विकास निर्माण, स्वास्थ्य सेवा, शैक्षिक सेवा, प्रशासनिक सेवा लगायतका सबै प्रकारका सार्वजनिक सेवाहरुको नियमित अनुगमनलाई प्रभावकारी बनाइ स्थानीयस्तरको सेवामा संलग्न कर्मचारी तथा सरोकारवाला व्यक्ति/संस्थाहरुको उचित मुल्याङ्कन, प्रोत्साहन, कारबाही, एवम् पुरस्कार लगायतका कार्यक्रमलाई अगाडी बढाइनेछ ।

८. कोभिड-१९ को रोकथाम र नियन्त्रणको लागि नेपाल सरकारले लागु गरेको बन्दाबन्दी (Lockdown) का कारण चालु आर्थिक वर्षको पूर्वाधार विकास निर्माणका कार्यहरु प्रभावित भएको र आगामी आ. व. मा समेत यस्तो अवस्थाको निरन्तरता हुनसक्ने देखिएकोले आन्तरीक आय संकलन प्रक्रिया र विधिमा सुधार तथा कर सहुलियत दिनुपर्ने अवस्था रहेमा सो को समेत आँकलन गरी राजश्व परीचालन सम्बन्धि आवश्यक नीतिगत तथा कानुनी व्यवस्था गरिनेछ ।

९. आर्थिक क्रियाकलापहरुमा आएको संकुचनसँगै स्थानीय तहको आन्तरीक आय अन्तर सरकारी वित्त हस्तान्तरण, राजश्व बाँडफाँड तथा रोयल्टी रकममा आउन सक्ने कमीलाई आवश्यकता अनुसारको ध्यान पुऱ्याइनेछ ।

१०. नगरपालिकाको दैनिक प्रशासनिक कार्य सञ्चालन गरी सेवा प्रवाह गर्ने निर्माणाधिन प्रशासकिय भवन निर्माणका लागि बहुबर्षिय ठेक्का सम्झौता भइसकेको हुँदा संघ र प्रदेश सरकार सँगको साझेदारी अन्तर्गत आवश्यक बजेट व्यवस्था गरी तोकिएकै समयमा सम्पन्न गर्ने गरी निर्माण कार्यलाई निरन्तरता दिइनेछ । साथै आफ्नै प्रशासकिय भवन नभएका वडा कार्यालयहरुको प्रशासकिय भवन निर्माणको लागि आगामी आ.व.मा विस्तृत प्रतिवेदन तयार गरिनेछ ।

११. कार्यपालिकाको कार्यालय, वडा कार्यालय, तथा विषयगत सबै शाखाहरुको सेवा प्रवाहलाई सम्भव भएसम्म सूचना प्रविधिमैत्री बनाउनेतर्फ आवश्यक व्यवस्था मिलाइनेछ ।

१२. नगरवासीहरुलाई सूचना प्रविधि सँगको पहुँच पुऱ्याउन सबै वडाहरुमा आगामी आ.व. भित्र इन्टरनेट सुविधा उपलब्ध गराउन आवश्यक व्यवस्था मिलाइनेछ ।

१३. सेवा प्रवाहको लागी आवश्यक पर्ने न्युनतम प्रशासनिक खर्चको लागि बजेट विनियोजन गरी प्रशासनिक संरचना र कार्यलाई मितव्ययी बनाउन अनुत्पादक खर्चहरु कटौती गर्ने नीति अवलम्बन गरिनेछ ।

१४. कोभिड-१९ का कारण उत्पन्न असहज परिस्थितीको सामना गर्न तत्कालिन आवश्यकता पहिचानमा प्राथमिकतामा परेका क्रियाकलापहरु कार्यान्वयन गर्न नीजि क्षेत्र, स्थानीय स्तरमा

कार्यरत गैरसरकारी संस्था, सहकारी संस्था तथा सामुदायिक संस्थाहरुलाई परिपुरक भूमिकामा परिचालन गर्ने नीति लिइनेछ ।

१५. कर तथा गैरकर राजश्वमा पर्न सक्ने असरलाई आँकलन गरी आन्तरीक आय अनुमानलाई यथार्थपरक बनाइनेछ ।

१६. आन्तरीक आय, अन्तरसरकारी वित्तहस्तान्तरण, राजश्व बाँडफाँड तथा रोयल्टी रकममा आउन सक्ने कमीलाई मध्यनजर गर्दै बजेट निर्माण र तर्जुमा कार्यलाई लचकता अपनाइएकोछ ।

१७. आय ठेक्कामा छुट सहुलियत दिनुपर्ने अवस्था रहेमा सो को समेत आँकलन गरी आवश्यक नीतिगत तथा कानूनी व्यवस्था मिलाइनेछ ।

१८. कर्मचारीको काम प्रतिको लगनशीलता जवाफदेहिता बृद्धि गर्न कार्य सम्पादनका आधारमा प्रोत्साहन प्रणालीको व्यवस्थालाई अवलम्वन गरिनेछ ।

१९. आचरण व्यवहार र कार्यदक्षतामा सुधार गरी सर्वसाधारणलाई प्रदान गरिने सेवाप्रवाहलाई प्रभावकारी बनाई प्रशासनिक तथा भौतिक पूर्वाधारहरुको गुणस्तरमा समेत अभिवृद्धि गर्ने उद्देश्यले आगामी आ.व.मा उत्कृष्ट जनप्रतिनिधि तथा कर्मचारीहरुलाई पुरस्कृत समेत गरिनेछ ।

२०. नगरपालिकाको कार्यबोझ तथा जिम्मेवारी समेत विश्लेषण गरि दरवन्दी संरचना मिलाउनका लागि संगठन तथा व्यवस्थापन अध्ययन गरिनेछ ।

**स्वास्थ्य (सामाजिक क्षेत्र)**

१. स्वास्थ्य चौकीहरु तथा आधारभूत स्वास्थ्यकेन्द्रहरुबाट प्रदान गरिने खोप सेवा, सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य पोषण लगायतका जनस्वास्थ्य सेवाहरु र उपचारात्मक सेवाका लागि आवश्यक औषधि, उपकरण तथा स्वास्थ्य सामग्रीहरुको लागि आवश्यक व्यवस्था मिलाइनेछ ।

२. कोरोना महामारी जस्ता संक्रामक रोगबाट सिर्जित हुने स्वास्थ्य जोखिमको न्युनीकरण गर्न रोकथाम, नियन्त्रण र उपचारका लागि गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गरिने छ । ६ वटा स्वास्थ्य केन्द्र र नयाँ आधारभुत ४ वटा स्वास्थ्यकेन्द्रहरुको पुर्वाधारमा सुधार, औषधि एवम् उपकरण तथा स्वास्थ्यकर्मीको सेवामा सुधार ल्याई सेवाप्रवाहलाई प्रभावकारी बनाइनेछ । साथै कोभिड-१९ बाट नगरबासीहरुमा सिर्जित मनोबैज्ञानिक त्रासलाई सम्बोधन गर्न आवश्यक श्रोतको व्यवस्थापन गरिनेछ ।

३. कोभिड-१९ को उपचार, रोकथाम तथा नियन्त्रण गर्न जिल्लास्तरीय सामुदायिक अस्पताल र क्वारेन्टाइनको गुणस्तर सुधार गर्नका लागि आपश्यक समन्वय, सहकार्य र व्यवस्थापनमा श्रोतहरुको व्यवस्था मिलाइनेछ ।

४. यसै वर्ष मोहरीयाकोट स्वास्थ्य चौकी र प्यारजुङ्ग स्वास्थ्य चौकीको भवन निर्माणको लागि रु. १/१ करोडको लागतमा सम्पन्न गरिने छ । साथै नयाँ स्थापना भएका बडा नं. १, ३, ५ र ७ को भवन निर्माण कार्य अगाडी बढी सकेको छ । भलायखर्क स्वास्थ्य चौकी भवन आगामी वर्ष निर्माण गरीनेछ ।

५. तार्कुघाट स्वास्थ्य चौकीमा ल्याब सञ्चालनको लागि पहल गरीने छ ।

६. मोहरीया, प्यारजुङ्ग र भलायखर्क स्वास्थ्य चौकीमा वर्थिङ्ग सेन्टर स्थापना गर्न पहल गरिनेछ ।

७. सबै संस्थाहरुमा भुगोल र जनसंख्याको आधारमा यथेष्ट औषधिको व्यवस्था मिलाइनेछ ।

८. स्थानीयस्तरमा संघ र प्रदेशसँगको सहकार्य र समन्वयमा ५० प्रतिशत नागरिकलाई आगामी आ. व. मा स्वास्थ्य विमा कार्यक्रम सञ्चालनमा जोड दिइनेछ । साथै उक्त कार्यक्रमलाई क्रमशः निरन्तरता दिई समावेश गर्दै लगिनेछ ।

९. कोभिड-१९ तथा अन्य आकस्मिक संक्रामक रोगबाट बच्न स्थानीय जडिबुटी केन्द्रको स्थापना गर्ने र आयुर्वेदिक औषधालयहरु मार्फत कार्यक्रमहरु संचालन तथा प्रर्वद्धन गरिनेछ । स्थानीयस्तरमा आयुर्वेदिक औषधिको प्रचार प्रसारमा जोडदिई १० वटै वडाहरुमा औषधालयहरु स्थापनाका लागि आवश्यक व्यवस्था मिलाइनेछ ।

१०. नगरपालिका स्तरीय १५ शैयाको चक्रतिर्थ अस्पतालको D.P.R. सम्पन्न भएको हुँदा नेपाल सरकारको एक पालिका १५ शैयाको अस्पताल नीति अनुसार निर्माण कार्य अगाडी बढाउन नेपाल सरकार स्वास्थ्य मन्त्रालयमा पहल गरिनेछ ।

११. योग प्राकृतिक चिकित्सा, आयुर्वेद लगायत तनाव व्यवस्थापनमा ध्यान साधनास्थलको रुपमा सबै वडाहरुमा आवश्यकता अनुसारका कार्यक्रमहरु संचालन र व्यवस्थापनलाई विशेष जोड दिइनेछ ।

१२. स्थानीयस्तरमा कोभिड-१९ को संक्रमण, यसको रोकथाम र नियन्त्रणका लागि स्वास्थ्य सचेतना सम्बन्धि जनहितका सूचना जारी गरी व्यापक प्रचार, प्रसार गर्ने गराउने कार्यलाई निरन्तरता दिइनेछ । स्यानीटाइजर, मास्क, औषधि, थर्मगन एवम् अत्यावश्यक सामग्री लगायत दैनिक उपभोग्य बस्तुहरुको सहज आपुर्तिको व्यवस्था गरी नगरको स्वच्छता कायम राख्न

नगरपालिकाद्धारा समन्वय र सहकार्यताको आधारमा बजार अनुगमन तथा नियन्त्रणको कार्यलाई आगामी आ.व. मा समेत थप प्रभावकारी बनाइनेछ ।

१३. कोरोना भाइरस तथा भाइरसजन्य अन्य महामारीबाट जोगिनका लागि मानिसहरुको ठुलो जमघट हुने स्थान, बसपार्क, पार्टीप्यालेस तथा सामुहिक बसोवास हुने स्थलहरुमा नगरपालिकाका स्वास्थ्यकर्मीहरुको टोली तत्कालै खटाई समय समयमा स्वास्थ्य परीक्षण गर्ने व्यवस्थापनलाई थप निरन्तरता दिइनेछ ।

१४. यस नगरपालिकाको एक मात्र अस्पताल सहोदर अस्पतालको स्तरोन्नती गरी अधुरो भौतिक संरचना सम्पन्न गरी थप आइसोलेसन कक्षहरु निर्माण गरी उपचारलाई व्यवस्थित बनाइने छ । यस कार्यक्रमका लागि नेपाल सरकारबाट रु २ करोड बजेट सशर्त अनुदान तर्फबाट प्राप्त भएको जानकारी गराउन चाहन्छु ।

**आर्थिक विकास (कृषि तथा पशु)**

१. स्थानीयस्तरको भरपर्दो आधारको रुपमा रहेको कृषि क्षेत्रमा कोरोना महामारीको कारण उत्पन्न चुनौति र अवसरलाई सम्बोधन गर्न कृषिमा स्थानीय श्रम परिचालन, कृषि कार्यको व्यवसायीकरण यान्त्रिकरण र आधुनिकीकरण गरी काम तथा रोजगारीको अवसरहरु सिर्जना गरिनेछ । कृषि क्रान्ति तर्फ उन्मुख हुन कृषि भुमिको अधिकतम उपयोग गरिनेछ । कृषिबालीको सम्भावनाका आधारमा सहकारी, सामुदायिक तथा नीजि फर्म मार्फत उत्पादनमा प्रोत्साहित गरिनेछ । यसका लागि सिंचाइ, मल, बीउ, पुँजी प्रविधि र बजारको सुनिश्चितता समेत गरिनेछ ।

२. कृषि उत्पादनमा स्थानीयस्तरमा आत्मनिर्भर गराउँदै खाद्य सुरक्षा र स्थानीय सम्प्रभुता कायम गर्दै लगिनेछ । आगामी वर्ष दुध, तरकारी र मासुजन्य वस्तुको उत्पादनमा आत्मनिर्भर हुनेगरी लक्षित कार्यक्रम संचालन गरिनेछ । राइनासटार लगायतका सिंचित क्षेत्रहरुमा चैतेधानबाली तथा वेमौसमी तरकारी, फलफूल र मकै खेतीलाई जोड दिइनेछ । गरिब, विपन्न तथा साना किसानलाई लक्षित गरी कृषि उद्यम प्रवर्द्धनको लागि ग्रामिण उद्यम तथा आर्थिक विकासका कार्यक्रम सञ्चालनमा जोड दिइनेछ ।

३. आगामी वर्ष कृषि, माछापालन र पशुपालनको पकेट क्षेत्र विकास गर्नका लागि प्रधानमन्त्रि कृषि आधुनिकिकरण आयोजना, मुख्यमन्त्री कृषि आधुनिकिकरण तथा मेयर कृषि आधुनिकिकरणको संयुक्त सहकार्य, समन्वय र सहभागिताका आधारमा नगर कृषि पकेट क्षेत्र रहने गरी आवश्यक बजेटको सुनिश्चितता गरिनेछ ।

४. विषादीको उपयोग सुरक्षित स्तरमा राख्न जनचेतना अभिवृद्धि कार्यक्रमलाई प्रभावकारी कार्यान्वयन र नियमन गरिनेछ । सबै वडाहरुमा घुम्ती प्रयोगशाला मार्फत माटोपरीक्षण गरी उपर्युक्त बीउ, मल, लगायतका कृषि सामग्री सिफारीस गर्ने व्यवस्था मिलाइनेछ ।

५. खेतीवाली लगाउने समय अगावै रासायनिक मलको पर्याप्त आपूर्ति सुनिश्चित गर्न रासायनिक मल अनुदानमा उपलब्ध गराउन र प्राङ्गारिक मलको प्रयोग बढाउँदै अर्गानिक बाली उत्पादनमा कृषकहरुलाई प्रोत्साहन गरिनेछ ।

६. वडा नं. ३ जेठाकमा वनस्पती तथा प्राणी उद्यान केन्द्रको निर्माण कार्य यसै आ.व. बाट थालनी गरिनेछ ।

७. राइनास नगरपालिकामा सञ्चालित सहकारी संस्थाका सञ्चालकहरुको लागि क्षमता विकास तालिमको व्यवस्थापन गरिनेछ ।

८. कृषि उपजहरुको बजारीकरण गर्नका लागि स्थानीय बजार पूर्वाधार कार्यक्रम मार्फत प्रदेश र संघ सँगको सहकार्यमा पूर्वाधार निर्माण गर्न जोड दिइनेछ ।

९. सहकारी सदस्यहरुले उत्पादन गरेका वस्तुहरुको बजारीकरण सहकारी-सहकारी वीच समन्वय गरी संकलन केन्द्रको व्यवस्था गरी अन्य क्षेत्रका सहकारी सँग समेत समन्वय तथा सहकार्यतामा एकमुष्ट ब जारमा पुऱ्याउने व्यवस्था मिलाइनेछ ।

१०. सहकारी संस्थाहरु छनौट गरी संस्था मार्फत पर्यटनको विकास गराउने खालका कार्यक्रमको व्यवस्था गरिनेछ ।

११. बेमौसमी तरकारी तथा फलफूल उत्पादनमा विशेष जोड दिइनेछ ।

१२. कृषि जमिनमा कृषकहरुको पहुँच विस्तार गर्नका लागी करार खेती तथा सामुदायिक सहकारी खेतीलाई प्रोत्साहन गरिनेछ । कृषिउपजको उचित समर्थन मुल्य तोकी खरिद/बिक्रि गर्ने व्यवस्था मिलाइनेछ । आगामी वर्षदेखि स्थानीय स्तरमा समुदाय तथा सहकारी संघ, संस्थाहरु मार्फत हुने खेती र सामूहिक खेती गर्ने समूहलाई मात्र संघ तथा प्रदेश सरकार समेतको सहकार्यमा शीतभण्डार निर्माण कार्य अगाडी बढाइनेछ ।

१३. नगरपालिकाको सबै वडाहरुमा एक कृषि र एक पशु सेवा प्राविधिकको व्यवस्था मिलाउन संघिय र प्रदेश सरकारसमेतको सहकार्यतालाई जोड दिइनेछ । कृषिबाली तथा पशुपन्छीहरुको जोखिमलाई न्युनीकरण गर्न संघीय सरकार सँगको समन्वयमा वीमा प्रिमियम अनुदान रकम उपलब्ध गराउन

बिशेष पहल गरिनेछ । कृषिवाली उत्पादन तथा बजार जोखिम कम गर्ने मोवाइल एप्स मार्फत किसानको लागि मौषम, बीउ, विजन खेती प्रबिधि र बजार मुल्य सम्बन्धि सूचना उपलब्ध गराउन आवश्यक व्यवस्था मिलाइनेछ ।

१४. नगरपालिकाका सबै वडाहरुमा फलफूल तथा आकर्षक फूलहरुको विरुवा रोप्ने र संरक्षण गर्ने कार्यलाई अभियानकै रुपमा संचालन गरि नगरपालिकालाई फलफूल जोनका रुपमा विकास गरिनेछ । साथै प्रत्येक वडाहरुमा नर्सरी स्थापना गरी फलफूलको विरुवा उत्पादन गर्न आर्थिक तथा प्राविधिक सहयोग उपलब्ध गराउन प्रदेश र संघिय सरकारको सहकार्यतालाई विशेष जोड दिइनेछ ।

१५. यस क्षेत्रको उत्पादनलाई ध्यानमा राखेर औद्योगिकग्रामस्थल स्याउली क्षेत्रमा एक कोल्डस्टोर निर्माण कार्य यसै वर्षबाट थालनी गरी आगामी वर्ष सम्पन्न गरीने छ । यस कार्यक्रमको लागि सशर्त अनुदान तर्फबाट रु. १ कारोड बजेट प्राप्त भएको छ ।

१६. स्थानीय मौलिक खाद्यान्न, पशुपन्छी तथा मत्स्यपालन एवम् उत्पादकत्व र बहुप्रयोगका सम्बन्धमा अनुसन्धान गर्न नेपाल कृषि अनुसन्धान परिषदको कार्यक्षेत्रलाई यस नगरपालिकामा समेत क्षेत्रविस्तार तथा क्षमता विकास गर्न आवश्यक पहल गरिनेछ ।

१७. कृषकलाई व्यवसायिक पशुपालनमा आकर्षित गर्न नश्लसुधार कार्यक्रमलाई प्रोत्साहन गरिनेछ । यसकालागि घाँस खेती र बृहत चरीचरणक्षेत्र विकास तथा गुणस्तरीय पशुस्वास्थ्य सेवाको विस्तार गरिनेछ । साथै नगरपालिकामा एक पशु क्वारेन्टाइन स्थापना गरी सो को प्रयोगशाला र आवश्यक अन्य पूर्वाधारका लागि विशेष पहल गरिनेछ ।

१८. संघ र प्रदेश सरकारबाट प्रदान गरिने सबैप्रकारको कृषि अनुदान प्रक्रियालाई वास्तविक किसान लाभान्वित हुने गरी स्थानीय समन्वयका आधारमा मात्रै यो सुविधा उपलब्ध गराउन जोड दिइनेछ । नेपाल सरकारबाट उपलब्ध गराइने कृषि ऋणलाई किसानको सहजै पहुँच पुऱ्याउन किसान क्रेडिट कार्डको सुरुवात गर्न पहल गरिनेछ । वडास्तरका सबै किसानहरुलाई खेतीयोग्य जमिनमा कृषि तथा पशुसेवाको आधारभूत प्राविधिक सेवा तथा टेवा दिनका लागि कृषि स्वयंसेवक परिचालन गर्न आवश्यक व्यवस्था मिलाइनेछ ।

१९. कोभिड-१९ ले आक्रान्त पारेको यस विषम परिस्थितिमा यस राइनास नगरपालिकाका व्यवसायिक किसानहरुलाई सकरात्मक सन्देश प्रवाहका लागि कृषि र पशु क्षेत्रको ध्यान आकृष्ट गराउने उद्देश्यले नगर प्रमुखको नेतृत्वमा ***"राइनासको मन्त्र, मेयरको हातमा कृषि यन्त्र"*** भन्ने अभियानका साथ आर्थिक विकासका कार्यक्रमहरु सञ्चालन गरिनेछन् ।

२०. कृषि उत्पादनलाई आत्मनिर्भरता र उद्यमशीलताको प्रवर्द्धन गर्न मल, वीउ, कीटनाशक औषधीको उपलब्धता, उत्पादित बस्तुको भण्डारण तथा प्रशोधन र बजार व्यवस्थामा सहजीकरण गर्न र सिंचाई सुविधा प्रवर्द्धनका लागि आवश्यक व्यवस्था मिलाइनेछ ।

२१. कृषि तथा पशु विमा कार्यक्रमलाई प्रोत्साहित गर्न नीतिगत तथा कार्यक्रमगत व्यवस्था गरिनेछ ।

२२. बाँझो जग्गाहरुको एकीकृत तथ्याङ्क संकलन गरी सो को पूर्ण उपयोगको व्यवस्था मिलाउन भूमि बैंकको अवधारणालाई कार्यान्वयन गर्न सहजिकरण गरिनेछ । साथै पशुपालन तथा बाली उत्पादन कार्यमा जोडिन चाहने किसानहरुलाई बाँझो जमिन भाडा/लिजमा लिई उत्पादनशिल कार्यमा प्रयोग गर्न प्रोत्साहित गरिनेछ । साथै पालिका भित्र रहेका बाँझो जग्गाहरुलाई चक्लाबन्दि गरी हावापानी र माटो सुहाउँदो सामूहिक खेती गर्न सहकारीको नेतृत्वमा अगाडी बढाइनेछ ।

२३. प्रोत्साहनका लागि कर सहुलियत एवम् अनुदानको व्यवस्था मिलाइने छ ।

२४. स्थानीय कच्चा पदार्थमा आधारीत लघु तथा घरेलु उद्यमहरुको प्रवर्द्धन गर्न सीपमुलक तालिमको व्यवस्था गरी उत्पादित वस्तुहरुको सुनिश्चितता प्रदान गर्न सहयोग पुग्ने गरी आवश्यक व्यवस्था मिलाइनेछ ।

२५. विदेशबाट फर्किएका तथा रोजगारीको खोजीमा रहेका व्यक्तिहरुमा रहेको सीपको विवरण समेत रोजगार सूचना केन्द्रमा अद्यावधिक गरी त्यस्तो जनशक्तिलाई स्थानीयतह भित्र उपलब्ध हुने निर्माण सेवा व्यवसाय, उद्योग, कृषि लगायतका क्षेत्रका रोजगारदाताहरुसंग समन्वय गरी रोजगारी प्रदान गर्न सहजीकरण गर्ने व्यवस्था समेत मिलाइनेछ ।

२६. राइनासटार सिंचाइ आयोजनाको पुनर्निर्माणको काम भइरहेको छ । यसलाई निरन्तरता दिई यस वर्ष प्रदेश सरकारको सहयोगमा D.P.R. तयार गरी आगामी दुई वर्षमा कार्य सम्पन्न गर्ने गरी बहुवर्षिय ठेक्का लगाउने निर्णय गरिएको छ ।

**वन तथा वातावरण**

१. नगर वासीहरुको जीवनपद्धती र समृद्धिको आधारको रुपमा रहेको वन क्षेत्रको सम्बर्द्धन मार्फत वातावरणीय सन्तुलन कायम गर्दै स्थानीय वन सम्पदाको बहुउपयोग गरी आय, रोजगारी एवम् व्यवसाय प्रवर्द्धन गरिनेछ । वैज्ञानिक वन व्यवस्थापन गरी वन पैदावरलाई आर्थिक क्रियाकलापसँग जोड्नका लागी संघ तथा प्रदेश सरकार सँगको समन्वय, सहकार्य र सहभागीतालाई विशेष प्राथमिकता दिइनेछ । सोही सहकार्यताका आधारमा ***“समृद्धिका लागि वन”*** कार्यक्रमहरु सञ्चालन

गरी वन पैदावारमा काष्ठ, गैरकाष्ठ र जडिबुटीमा आधारीत उद्यमशीलताको विकासमा जोड दिइनेछ ।

२. संघ र प्रदेश सरकार एवं वन उपभोक्ता समितिको सहकार्य र समन्वयमा वनको सुरक्षा, वृक्षारोपण र विविधिकरण गर्दै जैविक विविधता र वातावरण संरक्षण गर्ने कार्यमा आवश्यक पहल गरिनेछ ।

३. वातावरण संरक्षणसंग सम्बन्धित अन्तर्राष्ट्रिय प्रतिवद्धता र उत्तर दायित्व प्रति स्थानीय सरकार पनि सजग र सचेत रहेको छ । कार्वन उत्सर्गन न्युनीकरण गरी मानव स्वास्थ्यको सुरक्षा गर्न प्रदुषण नियन्त्रणका लागि विभिन्न मापदण्ड तयार पारि अद्यावधिक राखी लागू गर्न प्रयत्नशील रहनेछ । संघ र सहकार्यतामा जलवायुजन्य जोखिम न्युनीकरण तथा अनुकुलन कार्यक्रम सञ्चालनमा जोड दिइनेछ ।

४. कोभिड-१९ को महामारीका कारण नेपाल सरकारबाट यसको नियन्त्रण, रोकथाम तथा उपचारका लागी गरिएको Lock Down (बन्दाबन्दी) का बेलामा स्थानीयस्तरमा बढ्दो वन अतिक्रमण कार्यलाई नियन्त्रण तर्फ संरक्षण, सम्बर्द्धन जस्ता कार्यलाई आगामी आ.व.मा विशेष पहल गरिनेछ ।

५. नगरक्षेत्र भित्रका सबै वनजङ्गलहरु सुरक्षित नै छन् । संगठित वन उपभोक्ता समितिहरुको क्षमता वृद्धि गर्दै सामुदायिक वन उपभोक्ता समितिहरुलाई नगरपालिकामा अनिवार्य सुचिकृत गराउन पहल गरिनेछ ।

६. राइनासकोट पर्यटकीय क्षेत्र आसपासका क्षेत्रलाई विशेष पर्यटकीय वनक्षेत्रको रुपमा लिइएको छ । वडा नं.२ को पन्चेडाँडालाई वातावरण अनुकुलन गाउँ निर्माण कार्य प्रभावकारी बनाउन थप कार्यक्रमहरु संचालन गरिनेछ ।

७. वातावरणीय प्राकृतिक सम्पदाहरु ढुङ्गा, गिट्टी, वालुवा, काठ, इट्टाभट्टी साथै अन्य श्रोत साधनहरुको संरक्षण, सम्बर्द्धन र उपयोगमा आवश्यक व्यवस्थापनका लागि विशेष जोड दिइनेछ ।

८. कोभिड-१९ बाहेकका विपद्हरुको रोकथाम तथा न्युनीकरण र वातावरण संरक्षणका लागि पूर्वतयारी, प्रतिकार्य र पुनर्लाभका कार्यक्रम सञ्चालन गर्न स्थानीय “विपद व्यवस्थापन कोषमा” आवश्यक बजेटको व्यवस्था मिलाइनेछ ।

९. पूर्वाधार विकासका क्रियाकलापहरु सञ्चालन गर्दा विपद जोखिम तथा वातावरणीय संवेदनशीलतालाई केन्द्रविन्दुमा राखी कार्यान्वयन गर्न सघाउ पुग्ने गरी डिजाइन तथा इष्टिमेट तयार गरिनेछ ।

१०. पुष्पलाल मध्येपहाडी लोकमार्गको दायाँ र बायाँ पाउँदीदेखि बाङ्गेचौरसम्म फलफूल रोपी हरीयाली कार्यक्रम यसै वर्षबाट थालनी गरिनेछ ।

११. यसै पालिका वडा नं. ६ स्थित नयाँ पौवा कुसुण्डे वनस्पती पार्क निर्माणकार्य सुरु भइसकेको हुँदा आगामी वर्ष सम्पन्न गर्ने लक्ष्य राखिएकोछ ।

१२. राइनास नगरपालिकामा चालु आ.व.मा सञ्चालित जलवायु नमुना कार्यक्रम आगामी आ.व.मा समेत सञ्चालनमा निरन्तरता दिइनेछ । यस कार्यक्रमको लागि नेपाल जलवायु नमुना कार्यक्रम अन्तर्गत संघिय सरकारबाट रु. एक करोड पचास लाख विनियोजन भएको छ ।

**जिविकोपार्जन (स्वरोजगार)**

१. कोभिड-१९ को असर र प्रभावका कारण स्थानीय स्तरको जनजीवनलाई अत्यन्तै प्रभावित पारेको अवस्था छ । रोजगारका लागि विदेशिएका नेपालीहरुको आज पेशा नै संकटमा परेको मात्र नभई स्थानिय व्यवसायिक क्षेत्रहरु समेत प्रभावित भएको हुँदा स्थानीय जनशक्तिलाई रोजगारमूलक कार्यक्रम ल्याई जनशक्तिको अधिकतम उपयोग गर्नु आजको प्रमुख आवश्यकता देखिएको छ । त्यस्ता जनशक्तिलाई स्थानीयस्तरमै स्थापित गर्न सके पूर्वाधार निर्माण र विकासको गतिलाई तिब्ररुपमा अगाडी बढाउने आधारहरु यथेष्ट रहेका छन् । श्रम र सीपमुलक दक्षताका आधारमा विकास निर्माणदेखि कृषि, पशु लगायतका क्षेत्रमा युवाशक्तिलाई जिविकोपार्जन हुने गरी स्वरोजगार कार्यक्रम सञ्चालन गर्ने नीति आगामी आ. व. मा लिइनेछ ।

२. पूर्वाधार तयार रहेका क्षेत्रहरुमा व्यवसायिक रुपमा बाख्रा, कुखुरा, तरकारी, फलफूल, जडिबुटि, मौरी, गाइफार्म, भैंसीफार्म आदिको नगरपालिकाबाट व्यवसायिक युवाहरुलाई पहिचान गरी अनुदान उपलब्ध गराई स्वरोजगार सिर्जना गरी जिविकोपार्जनको आधारमा तयार पार्न संघ र प्रदेश सरकार समेतको सहकार्यमा कार्यक्रमहरु अगाडी बढाइनेछ । साथै राइनास नगरपालिका माछा उत्पादनका लागि उत्कृष्ट क्षेत्र मानिएको हुँदा चेपे खोलाको किनार, मर्स्याङ्दीको किनार र टारहरुमा समेत माछा उत्पादन गरी वेरोजगार युवा जनशक्तिको रोजगारको माध्यम बनाई आत्मनिर्भर बनाउन राइनास नगर क्षेत्रलाई मत्स्य विकास क्षेत्रको रुपमा विकास गर्न सबै तहका सरकारहरुसँगको सहकार्यतालाई विशेष ध्यान दिइनेछ ।

३. नगरपालिकामा रहेका अपाङ्गता, एकल महिला, तथा सहाराविहिनहरुको पहिचान गरी व्यवसायिक आयआर्जन गर्ने र जिविकोपार्जनका वैकल्पिक उपायहरुमा सहभागी गराई आत्मनिर्भर गराउने तर्फ विशेष कार्यक्रमहरु सञ्चालन  गरिनेछ ।

४. प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत नगरपालिकामा सूचिकृत भएका तथा हुन चाहने वेरोजगार युवा जनशक्तिहरुलाई विभिन्न विकास निमार्णका कार्यहरुमा श्रमको उपयोगका लागि सहभागिता गराइनेछ । श्रम र सीपको आधारमा विभिन्न विकास निर्माण, पुनर्निर्माण, सामाजिक, आर्थिक तथा विपद लगायतका क्षेत्रमा सहभागीता गराई जिविकोपार्जन गर्न स्वरोजगार कार्यक्रमलाई विगतमा भन्दा बढी आकार्षण, र प्रभावकारीता ल्याउने तर्फ जोड दिइनेछ ।

५. नगरपालिकाबाट विनियोजित विकास निर्माण कार्यहरु पूर्वाधार, खानेपानी, सडक, सिंचाई जस्ता क्षेत्रहरुमा मेशिन औजारहरुको कम प्रयोग गरी स्थानिय वेरोजगार जनशक्तिलाई प्राथमिकतामा राखी निर्माण कार्य गर्न गराउन आगामी आ.व.मा प्राथमिकताका साथ कार्यान्वयनको प्रयास गरिनेछ ।

६. कोभिड-१९ बाट पिडित विदेशी भूमिमा रहेका हाम्रा दाजुभाइ, दिदीबहिनीहरु, जो आम्दानीको श्रोतको रुपमा रहेको बैदेशिक रोजगार आज ठप्प भएको अवस्था छ, त्यस्तो जनशक्तिलाई स्थानीयस्तरमा स्थापित गराइ रोजगारी उपलब्ध गराउन पूर्वाधार, विकास निर्माण लगायतका कार्यहरुको सहजीकरण गर्नका लागि आवश्यकतानुसार **"युवा परिचालन तथा स्वयंसेवक"** को रुपमा जिविकोपार्जन र स्वरोजगारको व्यवस्थापनमा विशेष पहल गरिनेछ ।

**<u>महिला, वालवालिका, अपाङ्गता तथा जेष्ठ नागरिक</u>**

१. असहज परिस्थितिका कारणले बढी जोखिममा परेका महिला वालवालिका, जेष्ठ नागरीक तथा अपाङ्गता भएका व्यक्तिलाई थप सुरक्षा तथा संरक्षण प्रदान गर्न उल्लेख्य रुपमा संघिय तथा प्रदेश सरकार समेतको सहकार्यतामा कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

२. महिलाहरुको सामाजिक आर्थिक अधिकार हासिल हुने गरी महिला लक्षित कार्यक्रमहरु सञ्चालन गरिनेछ । विपन्न र बञ्चितिमा परेको महिलाको सीप तथा उद्यमशीलता बिकास गरी रोजगारीका अवसरहरु प्रदान गरिनेछ । स्वास्थ्य जोखिममा रहेका गर्भवती र सुत्केरी महिलाको उद्धारका लागि आवश्यक व्यवस्था मिलाइनेछ । साथै महिला उत्थानका लागि उद्यमशीलता सहजीकरण केन्द्र स्थापना गरी महिला लक्षित कार्यक्रम सञ्चालनमा जोड दिइनेछ ।

३. महिला विरुद्ध हुने सबै किसिमका सामाजिक भेदभाव, शोषण र हिंसाको अन्त्य गरिनेछ । वालश्रमको अन्त्य गर्दै सदाका लागि सडक वालवालिका मुक्त राइनास नगरपालिका बनाइनेछ । साथै वालवालिकाको खेलकुद, मनोरञ्जन तथा पुस्तकालय, एवम् विज्ञान तथा प्रविधि संग्राहलयको निर्माण गरिनेछ ।

४. जेष्ठ नागरिक आश्रम न्युनतम पूर्वाधार र सुविधाका लागि मापदण्ड तोकी नगरपालिकाको प्रत्यक्ष रेखदेख र नियन्त्रणमा रहनेगरी वडा नं. ८ मा सञ्चालित सार्वोदय सेवा आश्रमलाई थप व्यवस्थित रुपमा सञ्चालन गर्न आवश्यक व्यवस्थापन मिलाइनेछ । उमेरजन्य रोगबाट प्रभावित जेष्ठ नागरिकको लागि प्रदेश र संघ सरकारको समेत सहकार्यतामा निःशुल्क औषधि उपचार, खाद्यान्न राहत सहित संरक्षणको व्यवस्था मिलाइनेछ ।

५. सबै प्रकारका अपाङ्गता भएका व्यक्तिका लागि हेरचाह, सुरक्षा, स्वास्थ्य सेवा सुविधा एवं पुनर्स्थापनको लागि आवश्यक व्यवस्था गर्न पहल गरिनेछ । साथै स्थानीयस्तरका अपाङ्गता भएका व्यक्तिको स्वास्थ्य, शिक्षा, मनोरञ्जन, रोजगारी तथा आय आर्जन कार्यक्रम सञ्चालन गर्ने र अपाङ्गता भएका व्यक्तिले प्रयोग गर्ने सहायक सामग्री प्रयोगका लागि अनुदान उपलब्ध गराउने व्यवस्था मिलाइनेछ ।

६. दलित तथा गरिबीको रेखामुनि परेका परिवारका वालवालिका समेतलाई समेट्ने गरी वालसंरक्षण अनुदान उपलब्ध गराउन आवश्यक व्यवस्था मिलाइनेछ । विशेष जोखिममा परेका र एच.आई.भि. संक्रमित वाललालिकाको लागि भरपर्दो सामाजिक सुरक्षा प्रदान गर्ने व्यवस्था मिलाइनेछ ।

७. भौतिक पूर्वाधारहरु अपाङ्गमैत्री बनाइनेछ । अपाङ्गता भएका व्यक्तिहरुको मनोबल बढाउन शिक्षा, स्वास्थ्य, रोजागारी र सामाजिक गतिविधिमा सम्मानजनक पहुँच स्थापित गरिनेछ ।

**सडक पूर्वाधार**

१. विकासको प्रमुख पूर्वाधारको रुपमा रहेको सडक सञ्जाललाई सबै वडाहरुमा विस्तार गरी आन्तरीक आवागमनलाई सहज गराउने, आन्तरीक आर्थिक गतिविधिलाई विस्तार गर्ने र सुरक्षित सडक पूर्वाधार निर्माणमा जोड दिइनेछ । रणनीतिक महत्वका निर्माणाधिन प्रदेश स्तरीय सडक राइनासको चक्रपथलाई सम्पन्न गर्ने गरी समन्वय र सहकार्यतालाई तिव्रता दिइनेछ ।

२. कोरोना संक्रमण जोखिमका कारण आवागमन प्रभावित हुँदा यातायात व्यवसाय प्रति पर्न गएको असरलाई न्यूनीकरण गरी पुनः सञ्चालन गर्न सरोकारवालाहरु सहितको समन्वयलाई आवश्यक रुपमा सहजीकरण गरिनेछ ।

३. हालसम्म निर्माण भएका सडक, सिंचाई, खानेपानी सम्बन्धि भौतिक पूर्वाधारहरुको दिगोपना कायम गर्न मर्मत सम्भार कार्ययोजना बनाइ क्रमशः कार्यान्वयन गर्ने नीति अवलम्बन गरिनेछ । साथै सडक निर्माणको क्रममा मेशिन प्रयोगलाई न्युनीकरण गर्दै भारी उपकरणहरुको प्रयोग सम्बन्धि नीति निर्माण गरी कार्यान्वयन गरिनेछ ।

४. पूर्वाधार तथा सडक निर्माणका कारण भएको वातावरणीय क्षति न्यूनिकरण तथा सुधारका लागि सडक आयोजनाहरुमा वातावरणीय संरक्षणमा निश्चित रकमको व्यवस्था गरी सोही आयोजना सम्बद्ध वातावरण संरक्षणको कार्यमा खर्च गरिनेछ ।

५. राइनास नगरपालिका क्षेत्रलाई रिङरोड र चक्रपथको रुपमा निर्माण गर्न जोड दिइनेछ । आगामी आ.व. का लागि संघ र प्रदेश सरकारबाट विनियोजित सडक पूर्वाधार निर्माण कार्यलाई स्थानीय सरकारको साझेदारीमा सम्पन्न गर्ने प्रयास गरिनेछ । आगामी २ वर्ष भित्रमा रिङरोड र चक्रपथ निर्माण कार्यलाई सम्पन्न गर्नेगरी प्रदेश र संघिय सरकारको सहकार्यतालाई तिब्रता दिइनेछ ।

**<u>स्थानीय पूर्वाधार</u>**

१. स्थानीय पूर्वाधार कार्यक्रम सञ्चालनमा संघ र प्रदेश सरकारसँगको अन्तर आवद्धतालाई सुदृढ गर्दै लगिनेछ । संघ र प्रदेशको सह लगानीमा योजना/कार्यक्रम सञ्चालनमा प्राथमिकता दिइनेछ ।

२. स्थानीय पूर्वाधार विकास कार्यक्रममा आवश्यक बजेट विनियोजनको व्यवस्था मिलाइनेछ । साथै स्वास्थ्य तथा पूर्वाधार विकासका बाँकी कार्यहरु सम्पन्न गर्न स्थानीय विकास साझेदारी कार्यक्रम अन्तर्गत बजेट विनियोजन गरी कार्यक्रम सञ्चालन गरिनेछ ।

३. स्थानीय नेतृत्व विकास, संस्थागत क्षमता सुदृढीकरण र प्रणाली सुधारका लागि शासकीय सहयोग कार्यक्रम सञ्चालन गर्नको निम्ति संघ र प्रदेश सरकार संगको सहकार्यतालाई जोड दिइनेछ ।

४. विद्यालयहरुको भवन पुनर्निर्माणका बाँकी कार्यहरु समपन्न गर्नका लागि आवश्यकता अनुसार डिजाइन तयार पारी संघ र प्रदेश सरकारसँग समन्वय गरी आवश्यक व्यवस्था मिलाइनेछ ।

५. कोभिड-१९ बाट प्रभावित आर्थिक, सामाजिक, सांस्कृतिक, प्रविधि र वातावरणीय पूर्वाधारहरुको सुधार, विस्तार र विकासका लागि स्थानीय सरकारको पहलमा आवश्यक परियोजनाहरुको कार्यान्वयनमा प्रभावकारीता ल्याइनेछ ।

६. नेपाल सरकारबाट राइनास नगरपालिकामा एक औद्योगिक ग्रामको स्थापना भएको छ । नेपाल सरकारको ९२ लाख र प्रदेश सरकारको १ करोड ७० लाख बजेट प्राप्त भइ नगरपालिकाको वडा नं. ६ को स्याउलीमा औद्योगिक ग्राम निर्माणको लागि टेण्डर आव्हान भई सम्झौता समेत भइसकेको छ । आगामी आ.व.मा आवश्यक पूर्वाधार निर्माण कार्यहरु सम्पन्न गरिनेछ ।

**<u>सूचना तथा सञ्चार</u>**

१. सार्वजनिक सेवा प्रवाहमा सूचना प्रविधिको प्रयोग बढाइनेछ । सूचना प्रविधिमा आधारीत सञ्चार माध्यमलाई प्रवर्द्धन गर्न सार्वजनिक सरोकार र लोक कल्याणकारी विज्ञापन अनलाइनबाट समेत प्रसारण गर्ने व्यवस्था मिलाइनेछ ।

२. राइनासकोट होमस्टे नमुना गाउँलाई प्रचार प्रसारको माध्यमबाट राष्ट्रियस्तरको पर्यटकीय क्षेत्रको रुपमा विकास गरिएको छ । देउथलको अङ्ग्रेजसँगको युद्धमा वीरगति प्राप्त गर्ने वीरभक्ति थापाको ३० फिट अग्लो मुर्ति र नेपालको राष्ट्रिय झण्डा सहितको निर्माणाधिन भक्ति थापा पार्कलाई आगामी आ.व.मा सम्पन्न गर्नका लागि आवश्यक श्रोत व्यवस्थापन गरी यसको सञ्चार क्षेत्रमा सूचना प्रसारण गरी प्रविधिमैत्री क्षेत्रको रुपमा विकास गरिनेछ ।

३. राइनास नगरपालिकाका सबै विद्यालयहरुमा सूचना प्रविधिको सहज पहुँच पुऱ्याउन र विद्यालय, छात्रछात्रा तथा अभिभावकहरु वीचको सूचनालाई प्रभावकारी बनाउन कम्प्युटर शिक्षालाई पाठ्यक्रममा अनिवार्य समावेश गराइनेछ । कोभिड-१९ जस्ता महामारीको जोखिमलाई न्युनीकरण गर्न सूचना तथा सञ्चारको माध्यम उपयोग गरी शैक्षिक कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

<u>उर्जा विकास</u>

१. नगरक्षेत्रका सबै घरहरुमा विद्युत सेवा उपलब्ध गराउन र काठेपोलमुक्त नगरपालिकाका रुपमा पहलका लागि निरन्तरता दिइनेछ । घर-घरमा ***शौचालय जडित वायोग्याँस प्लान्ट र धुवाँरहित चुल्हो*** **निर्माण** अभियानलाई आवश्यक समन्वयताका साथ अगाडि बढाइनेछ । २. **"राइनास नगर, उज्यालो शहर"** लाई सार्थकता दिन आगामी आ.व.मा सबै वडाहरुको महत्वपूर्ण सार्वजनिक स्थलहरुमा सडक बत्ति समेत पुऱ्याउन संघ र प्रदेश सरकारसँगको सहकार्यतालाई विशेष जोड दिइनेछ ।

२. राइनास नगरपालिका ब्रिकेट कोइलाको सम्भावना भएको हुँदा सबै वडाका महिलाहरुलाई व्यावसायिक उत्पादन र स्वरोजगारमा जोड दिँदै जिविकोपार्जन लागि आवश्यक तालिम सहित प्रोत्साहित गरिनेछ ।

३. उर्जाशील नदी मस्याङ्दी तथा ऐतिहासिक पृष्ठभूमि बोकेको चेपेनदी (चम्पावती) बाट मझौला तथा स-साना विद्युत/उर्जा विकास परियोजना सञ्चालन गर्न संघ तथा प्रदेश सरकारसँगको सहकार्यतालाई जोड दिइनेछ ।

४. आगामी २ वर्ष भित्र नगरपालिकाका सबै परिवारहरुमा नविकरणीय उर्जा सहितको उज्यालो शहरको रुपमा स्थापित गराउन तीनै वटा सरकारसँगको सहकार्य, समन्वयको अभियानमार्फत सम्पन्न गर्न विशेष पहल गरिनेछ ।

५. विद्युत उपभोग वृद्धि गर्न व्यवसायिक उत्पादनमा जोड दिनका लागि प्रोत्साहित गरिनेछ । साथौ आगामी वर्ष सवै क्षेत्र र समयको भरपर्दो विद्युतको माग पुरा गर्दै विद्युत उत्पादनको आधार वर्षको रुपमा यस नगरपालिकालाई विकास गरिनेछ ।

**युवा तथा खेलकुद**

१. स्थानीयस्तरमा युवाहरुको मनोवललाई उच्च राख्दै क्षमता र दक्षता विकास गरी सामाजिक परिचालन, विपद जोखिम न्युनिकरण तथा राहत वितरण लगायतका सामाजिक, आर्थिक रुपान्तरणको प्रक्रियामा नेतृत्वदायी भूमिका सुनिश्चिततताका लागि युवाहरुलाई प्रोत्साहित गरिनेछ । युवा उद्यमशीलता विकास गर्न सबै वडाहरुमा *"युवा नव प्रवर्तन"* केन्द्र स्थापना गरी युवाहरुलाई परिचालन गर्न जोड दिइनेछ ।

२. युवाहरुलाई व्यवासायिक तथा उद्यमशिलता तालिम, नव प्रवर्तन पुँजी र प्रविधिमा आवद्ध गर्न तथा सहज व्यवसायिक वातावरण उपलब्ध गराई उद्यमशीलत बनाउन संघ र प्रदेश सरकारसँगको समन्वयलाई आवश्यक जोड दिइनेछ ।

३. विभिन्न सीप विकास सम्बद्ध संस्थाहरुसँगको सहमार्यतामा युवाहरुलाई प्राविधिक तथा व्यवसायिक शिक्षा र तालिम उपलब्ध गराइ युवा उद्यमशीलताको विकास गरिनेछ ।

४. विश्व महामारीको रुपमा फैलिएको भाइरसजन्य कोभिड-१९ लगायतको रोकथाम, नियन्त्रण, विपदको व्यवस्थापन र मानवीय सेवामा संघ र प्रदेश सरकारको सहकार्यतामा स्थानीय युवा परिषद, स्थानीय स्काउट तथा शैक्षिक संस्थाहरु लगायतका माध्यमबाट स्थानीय युवाहरुको परिचालन एवम् प्रवर्द्धन गरिनेछ ।

५. युवाहरुमा अनुशासनको संस्कृतिको विकास, शारिरीक तन्दुरुस्ती, मानसिक विकास, एवम् खेलकुद मार्फत राइनासको पहिचान र प्रतिष्ठाको लागि खेलकुद क्षेत्रको समग्र विकासलाई अगाडी बढाउन संघ र प्रदेश सरकार समेतको सहकार्यमा खेलकुद पूर्वाधारको निर्माण, प्रतियोगिताको आयोजना तथा प्रशिक्षण कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

६. राइनास नगरपालिकामा खेलकुद तालिम केन्द्र र कभर्डहल निर्माणका लागि आवश्यक व्यवस्था मिलाइनेछ ।

७. हाल निर्माणधिन गौलीटार खेल मैदानलाई आगामी वर्ष सम्पन्न गर्ने लक्ष्य राखिएको छ ।

**पर्यटन**

१. कोरोना संक्रमणको जोखिम नियन्त्रण हुनासाथ पर्यटन क्षेत्रलाई शीघ्र पुनस्थापित गर्न पर्यटकीय सेवा विस्तारका लागि आवश्यक पूर्वाधार विकासमा जोड दिइनेछ ।

२. ऐतिहासिक पर्यटकीयस्थल राइनासकोटको विकास प्रचार तथा प्रसारलाई निरन्तर अगाडी बढाइनेछ र सबै वडाहरुलाई पर्यटकीय व्यापारिक केन्द्रको रुपमा विकास गरिनेछ ।

३. राइनासकोटबाट लिगलिगकोट जोड्ने पदमार्गको थालनी गरिनेछ ।

४. धमिलीकुवा लुपुखोला दोभान हुँदै शिव ढुन्डुरको प्रचार गरि आन्तरिक पर्यटकलाई आकर्षण गरिनेछ ।

५. चक्रतिर्थ धामको बृहत्तर विकास गरी यसको ऐतिहासिक गरिमालाई अझै प्रभावकारी बनाइनेछ ।

६. यस राइनास नगरपालिका भित्र रहेका ऐतिहासिक, धार्मिक, साँस्कृतिक सम्पदा, प्राकृतिक सम्पदा, भौगोलिक अवस्था आदिलाई समेट्ने गरि विद्यालय शिक्षामा स्थानीय पाठ्यक्रमको व्यवस्था गरिनेछ ।

७. यस नगरपालिकाको ऐतिहासिक थलो चेपेघाटको बृहत्तर विकासका लागि कार्यक्रम तय गरिनेछ ।

८. गिद्धे पहरामा (राइनासकोट र आँठस्वारा वीच) रक क्लाइम्बिङको लागि पहिचान र व्यवस्था गरिनेछ ।

९. राइनास नगरपालिकाको एकमात्र वृद्धाश्रम सर्वोदय सेवा आश्रम व्यवस्थापनको लागि कार्यक्रम तय गरीनेछ । साथै उक्त आश्रममा निर्माण हुन लागेको १०८ शिवलिङ्ग, धर्मनाथ तथा घाटको निर्माण कार्य सम्पन्न गरिनेछ ।

१०. चक्रतिर्थमा रहेको उपल्लो झाँक्रीथानमा नरहरी शाहका सेनाहरुले युद्ध जित्नका लागि बर मागेको मन्दिर भएको हुनाले यसको ऐतिहासिकतालाई प्रचार गर्न पर्यटकीय आकर्षण केन्द्र बनाइनेछ ।

११. नगरपालिका क्षेत्रभित्रका सबै धार्मिक , सामाजिक, सांस्कृतिक, ऐतिहासिक तथा पर्यटकिय स्थलहरुको पहिचान, विकास एवं प्रवर्द्धन कार्यका लागि पर्यटन क्षेत्रसंग सम्बद्ध संघसस्थाहरु नेपाल पर्यटकीय स्थलहरुको पहिचान, विकास एवम् प्रवर्द्धन कार्यका लागि पर्यटन क्षेत्रसँग सम्बद्ध संघ संस्थाहरु नेपाल पर्यटन परिषद, होटल व्यवसायी संघ, ट्रेकिङ्ग एजेन्सी एशोसिएसन, नेपाल पर्यटन

बोर्ड, गण्डकी प्रदेश सरकार उद्योग वन तथा पर्यटन मन्त्रालय, गण्डकी प्रदेश सरकारका विभिन्न निकायहरुसँगको समन्वय तथा सहकार्यतामा स्थानीय माग र आवश्यकताका आधारमा कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

**अन्त्यमा,**

मैले यस नगरपालिकाको पाचौं नगरसभामा प्रस्तुत गरिएका परिकल्पनाहरुलाई साकार पार्न महत्वपुर्ण भूमिका खेल्नुहुने सम्पूर्ण पदाधिकारीहरु, क्रियाशील राजनैतिक दल तथा दलका प्रमुख ज्यूहरु, सम्पूर्ण राष्ट्रसेवक कर्मचारीहरु र नगरवासीहरुलाई धन्यवाद व्यक्त गर्दै यस छैटौं नगरसभामा पेश गरिएका योजना, कार्यक्रम तथा नीतिहरुलाई विशेष जोड दिँदै समुन्नत र शान्त नगरको रुपमा विकास गर्न अहम भूमिका निर्वाह गरिदिनु हुनेछ भन्ने आशा एवम् विश्वास लिएको छु ।

यस राइनास नगरपालिकाको छैटौं नगरसभाको बैठकमा महत्वपूर्ण सहभागिता जनाएर यस सभाको गरिमा बढाइदिनु भएकोमा सम्पूर्ण सभाका सदस्य मित्रहरुलाई आभार व्यक्त गर्दछु ।

***धन्यवाद*** ।

(सिंह बहादुर थापा)
नगर प्रमुख